# आ.व. २०८९/०८० को नीति तथा कार्यक्रम

**सभाका सभाध्यक्ष ज्यू,**

**आमन्त्रित प्रमुख अतिथि , विशिष्ट अतिथि ज्यू, अतिथि एवं महिला तथा सज्जनवृन्द, गाउँसभाका सदस्य ज्यूहरु, उपस्थित सम्पुर्ण कर्मचारी तथा सञ्चारकर्मी ज्यूहरु,**

जनताबाट निर्वाचित निकाय संविधान सभाबाट २०७२ आश्विन ३ गते जारी भएको नेपालको संविधान बमोजिम संघियताको कार्यान्वयनको क्रममा २०७९ बैशाख ३० गते समपन्न स्थानीय तहको दोस्रो निर्वाचनबाट यस सभामा कचनकवल गाउँपालिकाको २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा मलाई हर्सको अनुभूति भएको छ । यस घडिमा लोकतान्त्रीक गणतन्त्रको स्थापनाको लागि विभिन्न कालखण्डमा भएको आन्दोलनमा आफ्नो जीवन बलीदान गर्नु भएका सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु तथा निरंकुशताको विरुद्धमा जीवन पर्यन्त संर्घष गरी दिवंगत हुनु भएका सबै प्रति हार्दि श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपाली जनताले पटक पटक गरेका ऐतिहाशिक आन्दोलन, संघर्ष, त्याग र बलिदानको गौरवशाली इतिहासलाई स्मरण गर्दै शहिदहरु प्रति उच्च सम्मान गर्दै नेपालको संविधान २०७२ प्रति अगाध, विश्वास र लोकतन्त्र एवं प्रजातान्त्रिक आचरण सामाजिक आर्थिक न्याय तथा लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रहदैं समुन्नत संघिय शासन प्रणालीको माध्यमबाट न्यायपुर्ण विभेध रहित समतामुलक सबल र समृद्ध कचनकवल गाउँपालिका निर्माण गर्न आपसी संवाद सहमति र सहकार्य मार्फत राजनीतिक सहकार्यको संस्कृतिको विकास गर्दै कचनकवल गाउँपालिकालाई **"दिगो सुशासन, पारदर्शी प्रशासन, कृषि, पर्यटन, शिक्षा, स्वस्थ्य र पूर्वाधारको दिगो विकास कचनकवलको अभियान"** भन्ने नाराकासाथ नीति कार्यक्रम प्रस्तुत गर्दछु ।

१. जनता त्याग तपस्या बलिदान र आन्दोलनका साथै यस नेपालको होचो भू-भाग कचनकवल प्रति माया गर्नुहुने सबै राजनीतिक दल र संचारकर्मीहरु विभिन्न संघ संस्थाहरु तथा शुभेच्छुक अन्य सबैबाट यस गा.पा.लाई विकास र संवृद्धिमा अगाडी बढाउन खेल्नु भएको भूमिकाको उच्च मुल्यांन गर्दै सबै प्रति आभार प्रकट गर्दछु ।
२. नेपाली जनताले लामो समयसम्म परिवर्तनका लागि गरेको संघर्षबाट देश संघियतामा गएको छ । देशको सर्वाङ्गिण विकास राज्यको प्रत्येका एकाइको विकासको समष्टित रुप हो र स्थानीय क्षेत्रलाई आत्म निर्भरताको दिशा तर्फ उन्मुख गराउने उद्देश्यको प्रतिफल स्वरुप राज्यको पुनः संरचना गर्दा स्थानीय तहहरुलाई पनि अधिकार सम्पन्न गराईएको हो । नेपालको संविधानमा ३ तहको सरकार रहने व्यवस्था भए बमोजिम गठित स्थानीय तहलाई प्रदान गरिएको अधिकार तथा कर्तव्यहरुलाई संस्थागत गर्न हाम्रो दायित्व आएको छ । यस्तो गहन जिम्मेवारीलाई जटिल परिस्थितीका बादजुद

पनि सफल बनाएर लैजानु छ । स्थानीय तहलाई सफल, स्थिर र दिगो बनाई जनतालाई अधिकतम सेवा, सुविधा र विकास दिनु छ । यी सम्पुर्ण कामको लागि हामीले हाम्रो आफ्नै आन्तरिक आम्दानिको स्रोतहरुको दायरालाई फराकिलो बनाउदैं समृद्ध र आत्म निर्भर कचनकवल गाउँपालिका बनाउने अभियानलाई निरन्तरता दिइनेछ ।

३. गाउँपालिकाको आर्थिक, सामाजिक, सास्कृतिक क्षेत्रहरुको विकास समानुपातिक ढंगबाट व्यवस्थापन गर्न समग्र विकास र समृद्धिका लागि दृण संकल्पित रहेको छ ।

४. सार्वजनिक क्षेत्रको अनुत्पादक खर्चलाई निरुत्साहित गर्दै उत्पादनशिल क्षेत्रमा लगानी गर्ने नीति लिईनेछ ।

५. गा.पा.को समग्र आर्थिक गतिविधिलाई प्रोत्साहन हुने गरि आन्तरिक राजस्व सम्बन्धि कानुन तर्जुमा गरि लागु गरिनेछ ।

६. गा.पा. लगानी प्रवर्द्धन गर्नको लागि लगानी प्रकृयालाई सवलीकरण र नियमन गर्न गा.पा. लगानी केन्द्र गठन गरिनेछ ।

७. हामिले प्रस्तुत गरेको नीति तथा कार्यक्रम तर्जुमा गर्न मूल आधार र मार्गदर्शनको रुपमा नेपालको संविधान, संविधानले अंगिकार गरेको एकल, साझा अधिकार, गाउँको लक्ष्य, राजनीति दलहरुले जनता सामु निर्वाचनका वेला जारी गरेका घोषणापत्र, नेपाल सरकार प्रदेश सरकारले समयसमयमा बनाएका कानुन मापदण्ड कार्यविधि र दिग्दर्शन समेतलाई मूल आधार लिई प्रस्तुत गरिएको छ ।

## "हाम्रा प्राथमिकताहरु"

१. स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम संविधान अनुरुप कानूनी राज्य र शुसानको प्रत्याभूति दिइनेछ ।

२. जनताकेन्द्रित, लोकतान्त्रिक, स्थानीय माग र आवश्यकता वमोजिमका नयाँ ऐन, कानून र कार्यविधि निर्माण गरिनेछ ।

३. सामाजिक, आर्थिक रुपान्तरणको आधार निर्माण गर्दै उच्च र समन्यायिक आर्थिक विकासमा जोड दिनेछ ।

४. शिक्षा, स्वस्थ्य र कृषिलाई आधारभूत तहका जनतासंग जोडी पहिलो प्राथमिकतामा राखि बजेट विनियोजन गरिनेछ ।

५. कृषि र पशु पालनको आधुनिकिकरण तथा व्यवसायिकरण गर्न थोक कृषि वजारको अवधाराणा कार्यक्रम नीतिगत रुपामा कार्यन्वयन गर्ने, कृषिको यान्त्रिकरणमा कृषकहरुलाई सामुहिक एवं संस्थागत रुपमा एकतावद्ध गराई चक्लावन्दी र सामुहिक खेती प्रणालीमा विशेष प्रोत्साहन गरिनेछ ।

६. "वन, वातावरण र पर्यावरणको संरक्षण हामी कचनकवल बासीको अभियान" कार्यक्रम मार्फत वन, वातावरण र पर्यावरणको सन्तुलन तथा दिगो विकासका लागि स्थानीय आवश्यकता अनुरुप कार्ययोजना बनाई कार्यन्वयन गरिनेछ ।

७. स्थानीय परम्परा, संस्कृति र स्थानीय आदिवासी, जनजाती एवं मुस्लिम समुदायको पहिचान तथा भाषा, लिपीको संवर्द्धन एवं संरक्षणमा उच्च प्राथमिकता राखि गा.पा. स्तरीय संग्राहलय निर्माण गरिनेछ ।

८. नदि कटान, बाढी एवं प्राकृतिक विपत्तीका लागि पूर्व योजना निर्माण गरि जनताको उद्धार, राहत तथा पुनः स्थापना गरिनेछ ।

९. कचनकवलको पर्यटन प्रवद्धन गर्नका लागि कचनकवल स्तम्भ र झिल पोखरीहरु स्थानीय सामुदायिक वनका सिमसारहरुलाई पर्यटक आकर्षक केन्द्रका रुपमा विकास गरी स्थानीय जनताको आय आर्जनको एउटा माध्यमको रुपमा अगाढी बढाईनेछ ।

१०. स्थानीय जनताको सहभागिता एवं कचनकवल स्थानीय सरकार र जनताको साझेदारी कार्यक्रम मार्फत धान, मकैको वजारीकरण गर्न उद्योग स्थापना गर्नका लागि कार्ययोजनाका साथ गा.पा. स्तरीय लागानी सम्मेलनको आयोजना गर्ने साथै निजी क्षेत्रलाई समेत प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

११. विभिन्न खाद्य वालिहरुको विशेष उत्पादन क्षेत्र घोषणा गरि उत्पादनमा स्थानीय समुदायलाई सहभागि गराउन प्रोत्साहनको नीति अवल्बन गरिनेछ ।

१२. सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र चुस्त सेवा प्रवाह प्रदान गरिनेछ ।

१३. श्रमिक लगायत गरिब, वञ्चितिकरण र जोखिमयुक्त जीवनयापन गरिरहेका तथा आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिहरुलाई स्थानीय सरकारले ऐन बनाई सामाजिक सुरक्षा प्रदान गरिनेछ ।

१४. युवारुको क्षमता, सम्भाव्यताको सदुपयोग गरि उनिहरुलाई उद्यशिल क्रियाकलापमा रुपान्तरण गर्न विशेष कार्यक्रमहरु लागु गरिनेछ । दुर्व्यशन र लागु पदार्थको रोकथाम, सचेताना एवं पुनः स्थापना केन्द्र मार्फत नयाँ जीवन प्रदान गरि युवाहरुलाई सकारात्मक सोच सहितको जीवनयापन गर्न प्रोत्साहित गर्दै खेलकुद, विकास अनशासन र गतिशिलताको मर्म अनुसारका कार्यक्रमहरु संचालन गरिनेछ ।

१५. विद्यालय शिक्षाको  पहिलो खुडकिलो वाल विकास भएकोले वाल विकास कक्षाहरु आधुनिक तथा वालवालिकामैत्री निर्माण गरिनेछ । शिक्षामा दलित, मुस्लिम, गरिब र आदिवासी विपन्न समुदाय तथा जनजाती समुदायका वालवालिका केन्द्रित छात्रवृत्ति कार्यक्रम संचालन गरिनेछ ।

१६. गरिबी निवारण एवं स्थानीय जनताको जीवन स्तर उकास्नका लगि उद्यमशीलता एवं आर्थिक उपार्जन गर्न तथा आय मुलक र सिप मुलक कार्यक्रम संचालन गर्नका लागि प्रयाप्त वजेट विनियोजन गरिनेछ साथै एकल महिला र सिमान्तकृत महिलाहरुको जीवनस्तर सुधार्न विशेष व्यवस्था गरिनेछ ।

१७. घातक रोग क्यन्सर, मृगौला, मुटु सम्बन्धि रोग लागेका व्यक्तिहरुलाई कार्यविधी बनाई विशेषज्ञ डाक्टर तथा प्रयोगशालाको रिपोर्टको आधारमा रु २५,०००/- उपचार खर्च उपलब्ध गराईनेछ ।

१८. "स्वच्छता र सरसफाइको अभियान कचनकवल गाउँपालिकाको पहिचान"  कार्यक्रमलाई कार्यन्वयन गरिनेछ । शौचालय विहिन विपन्न समुदायलाई शौचालय निर्माण तथा उच्च जनधनत्व तथा वजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

१९. कचनकवलमा अति आवश्यक महसुस गरिएको शव वाहनको व्यवस्था गरिनेछ । साथै सबै वडामा सबै जात जाति तथा धर्मालम्बीहरुको धार्मिक परम्परा अनुसार गरिने दाहा-संस्कार तथा शुद्धिकरण स्थललाई व्यवस्थित तरिकाले निर्माण गरिनेछ ।

## क. भौतिक पूर्वाधार विकास

१. गाउँपालिकाको पूर्वाधारहरुको विकास गुरुयोजना अनुसार गरिनेछ ।
२. गा.पा.का क्रमागत योजनाहरुलाई आवश्यकताका आधारमा निरन्तरता दिनेछ ।
३. पूर्वाधार विकासमा अन्य सरकारी, गैर-सरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग साझेदारी गर्ने नीति लिइनेछ ।
४. सडक कालो पत्रे गर्दा धनाबस्ती र वजार क्षेत्रमा अनिवार्य नाला निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।
५. सडक निर्माण कार्यको विवरण होडिङ्ग वोर्ड राखिने व्यवस्था मिलाईनेछ ।
६. सडक निर्माणमा साझेदारी कार्यक्रम मार्फत योजना संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
७. सडक निर्माण गर्दा सडक छेउ किनारमा माटोको परीक्षण गरि उपयुक्त फलफूलका जातका विरुवा रोप्ने तथा स्थानीय समुदायलाई संरक्षण तथा उपयोग गर्न दिने नीति अवलम्बन गरिनेछ ।
८. योजनाको दोहोरोपन हुन नदिन एकद्वार प्रणाली लागु गरि योजना छनौट गरिनेछ ।
९. गा.पा. भित्र सांस्कृतिक भवन, सामुदायिक भवन र प्रतिष्ठान भवन निर्माण गरिनेछ ।
१०. भू-उपयोग नीति कार्यन्वयन गर्दै लगिनेछ ।
११. विद्युत प्राधिकरण तथा सामुदायिक संस्थाहरुको साझेदारीमा वजार तथा घनाबस्ती क्षेत्रमा सडक वत्ती तथा सामुदायिक संघ संस्थाको साझेदारीमा सौर्य वत्ती जडान गरिनेछ ।
१२. गा.पा. लाई व्यवस्थित गर्न भवन निर्माण आचार संहिता तथा बस्ती विकास सम्बन्धि आधारभूत मापदण्डलाई कार्यन्वयन गरिनेछ ।
१३. निर्माण हुन बाँकी वडा कार्यालय प्रथमिकताको आधारमा निर्माण गरिनेछ । त्यस्ता भवनहरु वालमैत्री, अपाङ्गमैत्री हुनेछन् ।
१४. मेची नदि, विरिङ्ग र अदुवा खोला नियन्त्रण कार्यलाई विभिन्न निकायको सहकार्यमा नदि नियन्त्रण कार्यलाई अगाडी बढाइनेछ ।
१५. रु १० लाख भन्दा माथिका योजनाहरु कार्यान्वयन गर्दा आवश्यकता र औचित्यताको आधारमा इ-टेन्डरबाट गरिजे नीति अवलम्बन गरिनेछ ।
१६. उपभोक्त संग लागत साझेदारीमा नगद वा श्रमवापत १० प्रतिशत कायम गरिनेछ ।
१७. स्थानीय स्रोत साधनको अधिकतम प्रयोगमा प्राथमिकता दिनेछ ।
१८. गा.पा. भित्रका वजारलाई व्यवस्थित वजारको रुपमा विकास गर्न विभिन्न निकायसंग समन्वय गरिनेछ ।
१९. सडक मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।
२०. गा.पा. भित्रका सडकहरुको रणनैतिक योजना निर्माण गरिनेछ ।
२१. सडकहरुको वर्गिकरण गरि क्रमिक रुपमा स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकारबाट निर्माण सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।
२२. गा.पा. भित्रका सबै खोला खल्सीमा स्ल्याव कलर्भट तथा पक्की पुल निर्माण गरिनेछ ।
२३. अन्तरपालिका जोड्ने रणनैतिक सडकहरुलाई प्राथमिकतामा राखि संघ, प्रदेश एवं अन्य निकायको समन्वयमा कार्यन्वयन गरिनेछ ।

२४. मेची नदी र विरिङ्ग नदीको झोलुङ्गे पुल निर्माण सरोकारवाला संग समन्वय गरेर यथासिर्घ निर्माण कार्य सम्पन्न गरिनेछ ।

२५. विकट बस्ती पिण्डालवारीमा घुम्ती सेवा प्रदान गरि जनतालाई सेवा प्रदान गरिनेछ ।

२६. चारकोषे जंगलमा जंगली हात्ति नियन्त्रण गर्नका लागि लगाइएको हात्ति छेकवार (सोलार फेन्सङ्गको) मर्मत सम्भार सरोकारवाला निकायको समन्वयमा मर्मत सम्भार गरिनेछ ।

२७. गा.पा.को दिर्घकालिन विकासको लागि १० वर्षे गुरु योजना निर्माण गरिनेछ ।

२८. विकास योजना बैंकको अवधारण लागु गरिनेछ ।

२९. विपन्न समुदायको लागि संद्धिय सरकारको सहकार्यमा नमुना बस्ती विकास कार्यक्रम संचालन गरिनेछ ।

३०. बनियानी वजार र पथरिया बगान वजारलाई व्यवस्थित वजारको रुपमा व्यस्थित ढलको व्यवस्था गरिनेछ ।

३१. हाल गा.पा. संचालनमा रहेको प्रशासनिक भवनलाई थप मर्मत सम्भार तथा निर्माण गरि सुविधा सम्पन्न प्रसाशनिक भवनको रुपमा काम कार्वाही निरन्तर संचालन गरिनेछ ।

३२. यस आर्थिक वर्षमा गा.पा. भरिका प्लास्टिक तथा फुसका छानामुक्त गाउँपालिका बनाउन २०० विपन्न परिवारलाई जस्ता पाता उपलब्ध गराईनेछ ।

**ख. सामाजिक विकास सम्बन्धि विकास तथा कार्यक्रम**

**अ. शिक्षा युवा तथा खेलकुद**

१. कचनकवल गाउँपालिकालाई सिपमुलक, वैज्ञानिक, व्यवहारिक एवं गुणस्तरीय शिक्षाको सुनिश्चित गरि शैक्षिक गन्तव्यको रुपमा विकास गरिनेछ ।

२. शिक्षामा समता मुलक र न्यायोचित पहुंच वृद्धि गरि गाउँपालिकाको समृद्धिको आधार तयार गर्ने व्यवस्था मिलाईनेछ ।

३. साक्षरता, निःशुल्क शिक्षा, सबैका लागि शिक्षा, शिक्षाका लागि भौतिक पूर्वाधार, शिक्षा व्यवस्थापनमा सुधार, शिक्षामा समावेशिता तथा विशेष आवश्यकता भएका वालवालिकाहरुको लागि शिक्षाको उचित व्यवस्थापन मिलाईनेछ ।

४. वाल विकास कार्यक्रमको प्रवाभकारितामा वृद्धि गर्न वाल शिक्षिका तथा विद्यालय कर्मचारी प्रोत्साहनलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

५. शिक्षामा प्रविधिको प्रयोग सुनिश्चितता गर्न प्रत्येक विद्यालयहरुमा स्मार्ट कक्षाको स्थापनालाई क्रमिक रुपमा बढाउदै लगिनेछ ।

६. प्रत्येक विद्यालयमा सिकाइ समग्री तथा भौतिक विकासका साथै सुविधा सम्पन्न वाल विकास कक्षाका लागि आवश्यक फर्निचर समेतको व्यवस्थापन गरिदैं लगिनेछ ।

७. स्थानीय पाठ्यक्रम आवश्यकताको आधारमा तयार गरि लागु गरिनेछ ।

८. सबै विद्यालयहरुमा नृत्य, गायन, खेलकुद, कम्प्युटर, अंग्रेजी शिक्षणमा सुधारका लागि घुम्ति शिक्षकको व्यवस्थापन गरिनेछ ।

९. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विषयगत विज्ञको टोली बनाई सघन अनुगमन गरि पृष्ठ पोषण लिइनेछ । शिक्षक तथा विद्यार्थीहरुको शैक्षिक भ्रमण कार्यक्रमको व्यवस्था मिलाईनेछ ।

१०. कचनकवल पोलिटेक्निक इन्स्टिच्युटको स्थापना गरिनेछ ।

११. शैक्षिक सुधारका लागि सरोकारवालाहरुवीच अपनत्व र संलग्नताको भावना सिर्जना गरिने **"संस्कार र सभ्यता सहितको शिक्षा, कचनकवलको दिक्षा र इच्छा"** कार्यक्रम संचालन गरिनेछ । जसमा स्थानीय भाषा, संस्कृती, परम्परा र संस्कार प्रति विद्यार्थीको रुची जगाइनेछ ।

१२. विद्यालयलाई आवश्यकता तथा प्रस्तावनाका आधारमा प्रोत्साहण अनुदान उपलब्ध गराउँदै लगिनेछ ।

१३. विद्यालयहरुमा फूलवारी, करेसावारी, खानेपानी तथा सरसफाइको कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यन्वयन गरिनेछ ।

१४. विद्यालयहरुमा खावश्यकताका आधारमा नेपाली र अंग्रेजी माध्यम सुधार कार्यक्रम संचालन गरिनेछ ।

१५. सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेनदार विद्यार्थीहरु मध्ये प्राविधिक शिक्षामा अध्ययन गर्न सहयोग कार्यक्रम संचालन गरिनेछ ।

१६. विद्यालयमा खेलकुद तथा अतिरिक्त क्रियाकलाप प्रभावकारी ढंगले संचालन गरिनेछ । राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई अझ प्रभावकारी र व्यवस्थित गरिनेछ ।

१७. धार्मिक विद्यालयहरु मदरसा, गुरुकुलको संचालनमा प्रभावकारीता ल्याइनेछ ।

१८. शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि पुरस्कार र दण्डको व्यवस्थापनलाई प्रभावकारी ढगंले कार्यन्वयन गरिनेछ ।

१९. शिक्षकहरुलाई ICT तालिमको व्यवस्था गरिनेछ ।

२०. खेलकुदको समग्र विकासमा ध्यान दिई विद्यालय र विद्यालय वाहिर खेलकुदका कार्यक्रमहरु संचालन गरिनेछ । साथै गाउँपालिका भित्र सुविधा सम्पन्न खेलमैदान र कवर्ड हलको निर्माण गरि प्रशिक्षकको व्यवस्था मिलाईनेछ ।

२१. युवाहरुलाई वर्तमान परिवेस अनुसारको चाहाना प्रतिबिम्बित हुने गरि युवा परिचालन गरिनेछ संगठनात्क गतिविधिका माध्यमबाट गाउँपालिकाको विकास प्रक्रियामा उनिहरुलाई सहभागी गराइनेछ, रोजगारसंग युवाहरुलाई आवद्ध गर्न जोड दिइनेछ । युवाहरुमा लगानी बढाई दक्ष जनशक्ति उत्पादनमा जोड दिइनेछ । युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

२२. १२ कक्षा सम्म सबै विद्यार्थीहरुलाई निःशुल्क अध्ययन गर्ने वातारण तयार गरिनेछ ।

२३. गा.पा.मा संचालनमा रहेका प्राविधिक धारका तथा नमूना विद्यालयहरुलाई अझ प्रभावकारी ढंगले संचालन गरिनेछ ।

२४. गाउँपालिकाले गाउँपालिका स्तरीय अध्यक्ष उपाध्यक्ष कप फुटवल, भलिवल र क्रिकेट प्रतियोगिता संचालन गरिनेछ ।

२५. +२ मा व्यवसायिक शिक्षाबाट रोजगारीको अवसर पाउने शिक्षाको पठन पाठनमा जोड दिइनेछ । विज्ञान र कम्प्युटर विज्ञानको शिक्षकहरुको व्यवस्थापन गरिनेछ ।

२६. आधारभूत, माध्यमिक सामुदायिक विद्यालयहरुमा दरवन्दी मिलान र थप दरवन्दीको परिपुर्ति गर्ने व्यवस्था मिलाईनेछ ।

२७. गाउँपालिकामा यूवा परिषद गठन गरि यूवाहरुको व्यक्तित्व विकासमा योजनाका साथ कार्यक्रम संचालन गरिनेछ ।

२८. गा.पा.को शान्ति सुरक्षालाई मजबुत बनाउन प्रदेश र संघिय सरकार संगको सहकार्यमा सुरक्षा निकायका भौतिक संरचनाको निर्माणमा पहल गर्दै बनियानीमा क श्रेणीको इलाका प्रहरिको स्थापनामा जोड दिइनेछ ।

२९. स्काउटलाई सबै सामुदायिक विद्यालयहरुमा विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

३०. सामाजिक संघ संस्थाको अगुवाईमा समाजका हरेक खालका विकासलाई अगाडी बढाउन समाजको भूमिक र अपन्वत्वलाई प्रथमिकता दिइनेछ । महिला, बालबालिका, असक्त विपन्न समुदाय फरक क्षमता भएका नागरिकहरुको समूहमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

३१. सामाजिक संघ संस्था मार्फत एम्बुलेन्स सेवा, आधुनिक लाईव्रेरी, जेष्ठ नागरिक विश्राम भवन निर्माण गर्ने ।

३२. सार्वजनिक पुस्तकालय स्थापना गर्ने नीति अवलम्बन गरिनेछ । साथै पुस्तकालयलाई पुस्तक बैंकको रुपमा विस्तार गरिदै लगिनेछ ।

३३. उत्कृष्ट २ सामुदायिक विद्यालय र उत्कृष्ट शिक्षकलाई वार्षिक रुपमा पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ ।

आ. स्वास्थ्य

१. ३ वर्ष भित्र घरमा प्रशुतिरहित पालिका घोषणा गर्ने साथै पहिलो २ वर्षमा सबै मापदण्ड पुरा गर्ने ।

२. २ वर्ष भित्र विशेषज्ञ सेवा सल्यक्रिया सेवा सहित अस्पताल संचालन गरिनेछ ।

३. लागु औषध र्दुव्यसनि न्युनिकरण गर्न पहिलो २ वर्षमा हरेक वडामा एक-एक जनालाई मनो सामाजिक परामर्शको तालिम दिई सम्बन्धित वडामा स्वयं सेवकको रुपामा खटाईने र पालिकाको केन्द्रमा परामर्श सहित परामर्श केन्द्र स्थापना गरिनेछ ।

४. सामाजिक सुरक्षा भत्ता पाउने सबै नागरिकलाई पालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट सबै प्रकारका स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

५. विद्युतीय लेखा प्रणाली लागु गरिनेछ ।

६. २ वर्ष भित्रमा पोषणमैत्री पालिका घोषणा गर्ने । त्यसका लागि मापदण्ड पुरा गरिनेछ ।

७. सर्पधंश उपचार केन्द्रको छुट्टै सुविधा सम्पन्न भवनको निर्माण गरि आवश्यक जनशक्तिका साथ क्षमता अभिवृद्धि गर्ने

८. ६० वर्ष हदका कारण सम्मानजनक विदाईमा पर्नु हुने महिला स्वास्थ्य स्वयं सेविकाहरुको कामको उच्च मुल्यांन गर्दै विदाइ हुनु हुने स्वास्थ्य स्वयं सेविकालाई कार्यविधि बनाई बढिमा रु २ लाख र सम्मान पत्र सहित विदाई गर्ने व्यवस्था गरिनेछ ।
९. स्वास्थ्य उपचार कोषको स्थापना गरि असाहाय परिवारको निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।
१०. निःशुल्क औषधिको शुन्य मौज्दातलाई शुन्यमा झारिनेछ ।
११. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारि र सहज बनाइनेछ । विपन्न समुदायलाई गा.पा.बाट स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराईनेछ ।
१२. विद्युतीय अभिलेख प्रणालीको विकास गरिनेछ । जेष्ठ नागरिकहरुलाई प्राथमिक स्वास्थ्य केन्द्र सम्म उपचारमा लैजान निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
१३. स्वास्थ्य कर्मी, स्वास्थ्य स्वयं सेविकाको कामको मुल्यांकन गर्दै हरेक वर्ष प्रोत्साहन गर्दै उत्कृष्ट स्वास्थ्य कर्मी र स्वयं सेविकालाई नगद तथा कदर पत्रले सम्मान गरिनेछ ।
१४. स्ववास्थ्य केन्द्रहरुमा दक्ष जनशक्ति आवश्यक उपकरण प्रयोगशाला र वर्थिङ्ग सेन्टर व्यवस्थित रुपमा संचालन गरिनेछ ।
१५. सबै स्वास्थ संस्थाको वातावरण स्वच्छ बनाउन फोहोर व्यवस्थापनको लागि इन्सिनेटर बनाउने साथै खानेपानी व्यवस्थापन तथा वृक्षारोपण कार्यक्रम गर्दै लगिनेछ ।
१६. गर्भवती सुत्केरीको लगत राखी स्वस्थ्य पर्वद्धन गर्न फोन सेवा तथा होम टु होम भिजिट सेवा सुरु गर्दै लगिनेछ ।
१७. गर्भवती महिलाहरुलाई जिल्ला भित्र निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
१८. माहामारी जन्य रोगहरु डेङ्गु लगायतका सरुवा रोगहरु रोकथाम तथा नियन्त्रणका कार्यक्रम र विपत व्यवस्थापन पूर्व तयारी कार्यक्रम संचालन गरिनेछ ।
१९. आयूर्वेदिक चिकित्सा प्रणालीको क्रमवद्ध रुपमा विकास गर्दै गा.पा.मा सेवा प्रदान गरिनेछ ।
२०. स्वस्थ्य संस्थाहरुमा निःशुल्क वितरण हुने अत्यावश्यक औषधिको प्रकार तथा संख्या क्रमशः वृद्धि गर्दै र वितरण भए नभएको नियमित अनुगमन गरिनेछ । साथै गा.पा. भित्र नियम अनुसार प्रक्रिया पुरा गरि दर्ता भएका निजी स्वस्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरुको सघन अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।
२१. महिलाहरुको पाठेघर सम्बन्धि परीक्षण तथा उपचारको व्यवस्था मिलाइनेछ । विभिन्न संघ संस्थाको साझेदारी र सहभागितामा स्वस्थ्य सम्बन्धि विविध कार्यक्र संचालन गरिनेछ ।
२२. प्राथमिक स्वस्थ्य केन्द्र बनियानीमा अक्सिजन प्लान्ट, भेन्टिलेटर, अल्ट्रासाउण्ड सेवा साथै दन्त रोग विशेषज्ञ सेवा प्रदान गरिनेछ ।
२३. खोप केन्द्रहरुको भवन निर्माण गर्दै लगिनेछ ।
२४. पालिकामा रहेका असाय तथा दिर्घ रोगीहरुको विवरण तयार गरि घरमै सेवा पुऱ्याउने कामको

**इ. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग तथा लक्षित वर्ग**

१. फरक क्षमता भएका नागरिक समाजको बोझ होइनन् उहाँहरुबाट घर परिवार संचालनमा टेवा भन्ने नाराका साथ परिवारका सदस्य वा स्वयं  शारीरिक अवस्थाका आधारमा स्थानीय सिप प्रदान गरि रोजगार सिर्जना गरिनेछ ।

२. फरक क्षमता भएका नागरिकलाई स्वास्थ्य उपचार गर्न निःशुल्क प्रथमिक स्वास्थ्य केन्द्र पुऱ्याउने व्यवस्था गरिनेछ ।

३. यूवाहरुको लागि दिगो रोजगारको वातारण तयार गर्न टायल्स फिटिङ्ग, डकर्मी, सिकर्मी, धारा, विजुली, पाइप लाइन जडान, सिलाई कटाई, आर्टस् तालिमको व्यवस्थापन गरिनेछ ।

४. विपन्न समुदाय तथा दलित समुदायका बालबालिकालाई विद्यालय आउन प्रोत्साहन गर्न छात्रवृत्ति प्रदान गरिनेछ ।

५. बालमैत्री, प्रविधिमैत्री, अपाङ्गमैत्री गाउँपालिका  बनाइनेछ ।

६. बालबालिकाको व्यक्तित्व विकासमा रचनात्मक कार्यक्रम प्रतिभा प्रष्फुटन कार्यक्रम संचालन गर्दै वौद्धिक विकास गरिनेछ ।

७. साना नानी हाम्रा साथी कार्यक्रम संचालन गरि क्षमतावान नागरिक बनाउन उत्प्रेरण प्रदान गर्ने साथै बालबालिकाको रुचि अनुसारको खेलकुद गतिविधिमा सहभागि गराउने नीति अवलम्बन गरिनेछ ।

८. क्रमिक रुपमा सबै वडाहरुमा बाल क्लब गठन तथा पुस्तकालय संचालन गरिनेछ ।

९. महिला सशक्तिकरण, घरेलु तथा साना उद्योग संचालन, क्षमता विकास, सिप विकास, महिला प्रविधिक जनशक्ति उत्पादन, आर्य आर्जन कार्यक्रम संचालन गरिनेछ ।

१०. महिलाले संचालन गरेका उत्पादन मुलक व्यवसायहरुमा अनुदान सहयोग उपलब्ध गराउने नीति अववलम्बन गरिनेछ ।

११. डक्टर, इन्जिनियर, पाइलट, वकिल  अध्ययन गर्ने महिलाहरु, सिमान्तकृत एवं दलित समुदायका जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति दिने नीति अवलम्बन गरिनेछ ।

१२. लैंगिक हिंसा न्युनिकरण कार्यक्रमहरु संचालन गरिनेछ । सम्बन्धित सरोकारवाला निकायको सहयोगमा लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउने अभियान संचालन गरिनेछ ।

१३. विपन्न तथा एक महिलाहरुको व्यक्तित्व विकासका साथै सिप र क्षमता अभिवृद्धि गर्दै घरेलु उद्योग, कृषि र व्यापार व्यवसायमा प्रोत्साहित गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

१४. उपाध्यक्ष सुत्केरी पोषण कार्यक्रम संचालन गरिनेछ ।

१५. असाहाय विपन्न नागरिकलाई खाद्य सुरक्षा र निर्वाहका लागि कार्यविधि बनाई सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१६. मानव वेचविखन तथा घरेलु हिंसालाई निरुत्साहित गर्न चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ । हिंसा पिडित महिलाहरुको पहिचान गरि जिविकोपार्जनका कार्यक्रमहरु संचालनमा ल्याई स्वनिर्भरता जोड दिइनेछ ।

१७. लक्षित वर्गका लागि सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई प्राथमिकताका साथ संचालनमा ल्याइनेछ ।

१८. भूमिहिन, अव्यवस्थित बसोवासीहरुलाई यस आर्थिक वर्ष भित्र जग्गाधनि प्रमाण पुर्जा वितरण गरिने व्यवस्था मिलाईनेछ ।

## ग. वन, वातारण, विपत व्यवस्थापन तथा पर्यटन तर्फ

### अ. खानेपानी तथा सरसफाइ

१. ३ वर्ष भित्र गा.पा.का सबै गाउँ टोलमा स्वच्छ खानेपानी धारा जडान गर्नेव्यवस्था मिलाइनेछ । तत्काल खानेपानीबाट वञ्चित नागरिकलाई ट्युवेल जडान गरिनेछ ।

२. गा.पा.भित्र सरसफाई अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ । फोहोरको दिगो व्यवस्थापनका लागि सार्वजनिक निजी अवधारणा अवलम्बन गरिनेछ । सार्वजनिक शौचालयको निर्माण तथा निजी शौचालयलाई सार्वजनिक रुपमा प्रयोग गर्न दिने वातावरण तयार गर्न प्रोतसाहित गर्ने व्यवस्था मिलाईनेछ ।

३. फोहोर व्यवस्थापन कार्यमा खटिएका जनशक्तिलाई आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।

४. सबै विद्यालयहरुमा स्वच्छ खानेपानीका लागि खानेपानीको धारा जडान गरिनेछ ।

### आ. वन, वातावरण तथा पर्यटन

१. धुवा रहित चुलो निर्माण, गोबर ग्याँस प्रयोग र विद्युतीय चुलोमा गाउँपालिका बासीलाई प्रोतसाहनका कार्यक्रम लागु गरिनेछ ।

२. गा.पा.का प्रत्येक घरघरमा फलफूलका विरुवा रोप्ने साथै नदि किनार बाटो दुवै तर्फ विरुवा रोप्ने खाली तथा खुल्ला स्थानमा वृक्षारोपण गर्ने साथै खट्टामुनीको जंगललाई वौद्धिक पार्कको रुपमा विकास गरिनेछ ।

३. प्राकृतिक सम्पदाहरुको प्रयोग गर्दा स्वरुप र वातावरणमा कुनै किसिमको प्रतिकुल असर नपर्ने गरि कार्य अगाडी बढाईनेछ ।

४. भुतेश्वर शिवालयको संरक्षण र सवर्द्धन गर्दै धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ ।

५. नेपालको होचो भू-भाग कचनकवलको विकासमा ३ तहका सरकार र विकास साझेदारहरुको सहकार्यमा वृहत विकास आयोजना संचालन गर्ने कचनकवलको विकासका लागि **कचनकवल पर्यटन संरक्षण तथा विकास समिति गठन** गरि कार्यन्वयन गरिनेछ ।

६. भिजिट कचनकवल अभियान संचलन गरि **टुरिजम सर्किट** स्थापना गरिनेछ ।

७. कृषि पर्यटनलाई जोड दिई यस क्षेत्रमा वाह्रै महिना हरियाली पर्वद्धन गरि आन्तरिक तथा वाह्य पर्यटक तथा कृषि अन्वेषकहरुको अध्ययन केन्द्रको रुपमा विकास गरिनेछ ।

८. जातीय भाषिक र विभिन्न जातजातिको कला संस्कृतिको संरक्षण र संवर्द्धन गरि पर्यटकलाई आकर्षित गरिनेछ ।

९. कृषि वन कार्यक्रम प्रभावकारि ढङ्गले संचालन गर्न सामुदायिक वनका खाली जमिनमा बहुवर्षिय घास उत्पादन गरि साइलेज उद्योग स्थापना, लघु उद्योगहरु स्थापना गरि गरिबी निवारण गर्दै

सामुदायिक वन लक्षित दुध उत्पादन, प्रंगारिक मल उत्पादन, विषादी न्युनिकरण, जैविक विषादी उत्पादन र पर्यावरणको संरक्षणको कार्यक्रममा जोड दिइनेछ ।

१०. घास उत्पादन कार्यक्रम, जलवायु परिवर्तनलाई न्युनिकरण गर्न, सिमसार क्षेत्रको संरक्षण, जैविक विविधताको संरक्षण, व्यवस्थित सामुदायिक वनको विकास, वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

११. एक सामुदायिक वन एक नर्सरी व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ । जसमा छोटो समयमा उत्पादन दिने फलफूलका विरुवा, भूक्षय नियन्त्रण गर्ने प्रजातिका विरुवा तथा दिर्घकालिन लाभ लिने विरुवाहरु आम नागरिकलाई उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१२. पर्यावरणलाई स्वच्छ बनाउन गा.पा.मा संचालन हुने उद्योगहरुलाई वातावरणमैत्री बनाउन जोठ दिइनेछ ।

१३. गन्धर्व सास्कृतिक संग्राहालयको स्थापना गन्धर्व समुदायको आर्य आर्जन कार्यक्रम संचालन गरिनेछ ।

१४. पर्यावरणको सन्तुलन बिग्रीन नदिन प्राकृतिक स्रोतको संरक्षणमा जोड दिइनेछ ।

१५. प्लास्टिक जन्य वस्तुको प्रयोगमा क्रमिक रुपमा न्युनिकरण गर्दै वातावरणमैत्री वस्तुको प्रयोगमा जोड दिइनेछ ।

१६. बनियानी वजार क्षेत्रलाई हरियाली पवर्द्धन कार्यक्रम संचालन गरि सुन्दर वजार क्षेत्रको रुपमा विकास गरिनेछ ।

## ई. विपत व्यवस्थापन

१. मेची, विरिङ्ग, भुतेनी जस्ता नदीहरुको नियन्त्रणमा प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

२. नदी नियन्त्रणमा जैविक बाँध निर्माण कार्य प्रभावकारी ढङ्गले संचालन गरिनेछ ।

३. विपद व्यवस्थापन कोषको व्यवस्था गरि प्रभावकारी ढङ्गले कार्यविधि निर्माण गरि संचालन गरिनेछ ।

४. विपदको पूर्व तयारीका लागि साझेदार निकायहरुको सहयोगमा दमकल सेवा उपलब्ध गराईनेछ ।

५. विपदको जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थान्तरण गर्नका लागि २ वर्ष भित्रमा आवश्यक पूर्वाधारहरुको विकास गरिनेछ ।

६. गाउँपालिकाको जोखिम तथा सुरक्षित क्षेत्रको नक्सांकन गरिनेछ । जोखिम क्षेत्रमा बसोवास गर्ने मानिसको तथ्यांक अभिलेख संकलन कार्यलाई अध्यावधिक गरिनेछ । बाढी, सूचना प्रणाली तथा तत्कार उद्धार, राहतका लागि प्रत्येक वडामा उद्धार टोली गठन गरि तिनको लागि आवश्यक तालिमको व्यवस्थाको साथ उनिहरुको आवश्यक विवरण सहित सूचिकरण गरिनेछ ।

७. गाउँपालिकामा आपत कालिन सूचना केन्द्र स्थापित गरिनेछ ।

८. विपद व्यवस्थापनमा रेडक्रस संग समन्वय र सहकार्य गरिनेछ ।

## घ. सुशासन तथा संस्थागत विकास सम्बन्धि नीति

१. सबै खाले भ्रष्टचारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

२. अनुगमन तथा निरीक्षण सार्वजनिक सुनुवाई तथा कार्यपालिकाको बैठकलाई नियमित र थप व्यवस्थित बनाइनेछ ।
३. एकिकृत सुचना तथा व्यवस्थापन प्रणाली जडान गरिनेछ ।
४. न्यायिक समितिमा दर्ता हुने सबै विवाद तथा उजुरीहरुको निर्णयमा सरोकारवालाहरुलाई सहभागि गराई छलफल मेलमिलाप तथा कानुनि प्रक्रियाबाट छिटो छरितो एवं महसुस हुने गरि न्यायिक निर्णय गरिनेछ ।
५. गा.पा.को सुरक्षालाई र प्रविधिमैत्री बनाउन मध्य नजर गर्दै आवश्यक मात्रामा सिसि क्यमेरा जडान गरिनेछ । क्रमिक रुपमा वडामा विस्तार गरिनेछ ।
६. जन प्रतिनीधि र कर्मचारीलाई प्रविधिमैत्री बनाउन र अनिवार्य रुपमा इमेलको प्रयोग गर्ने नीतिलाई अगाडी बढाई कम्प्युटर तथा प्रविधिमा अब्बल बनाउन तालिम तथा प्रशिक्षण संचालन गरिनेछ । क्षमता विकासको लागि अभिमुखिकराण, गोष्ठी, तालिम तथा अवलोकन भ्रमण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
७. कुनै पनि योजना सम्झौता हुनु भन्दा अगाडी काम सुरु भएमा त्यस्ता किसिमको कामको लागि भूक्तानी गरिने छैन । सम्झौतामा उल्लेख भए बमोजिमको समय तालिकाको पुर्न कार्यन्वयन गरिनेछ ।
८. सबै सेवा प्रवाहमा हेल्प डेस्क, सेवा ग्राहीको सन्तुष्टि मापन फारम, नागरिक वडा पत्र, सुझाव पेटिका, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ ।
९. सार्वजनिक खरिद प्रक्रियालाई पार्दर्शी र व्यवस्थित बनाउदै लगिनेछ । विद्युतीय खरिद प्रणालीको प्रयोगलाई प्रथमिकताका साथ लागु गरिनेछ ।
१०. बेरुजु फछ्र्यौटमा दतारुकता अपनाई शुन्य सहनशीलताको नीतिलाई अवलम्बन गरिनेछ । पेश्की दिएको अवस्थामा ३५ दिन भित्रमा अनिवार्य पेश्की फछ्र्यौट गर्नु पर्ने नीतिलाई कडाइका साथ पालना गरिनेछ ।
११. गाउँपालिवाट प्रवाह गरिने सेवालाई चुस्त दुरुस्त र जनमुखि बनाउन "**स्वच्छ प्रशासन, इमान्दार कर्मचारी**" भन्ने नारालाई व्यवहारमा लागु गर्दै कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित गराई मनोवल उच्च राख्न विशेष प्रोत्साहन कार्यक्रम लागु गरिनेछ ।
१२. गाउँपालिकाको काम कार्वाहीहरु कार्यन्वयनमा पार्दर्शीता नियमितता प्रवद्धन गर्दै सहभागिता मुलक तथा पूर्वानुमान योग्य बनाउन सार्वजनिक सुनुवाई, खर्च सार्वजनिकीकरण, सामाजिक लेखा परीक्षणलाई कार्य तालिका बनाई कार्यन्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
१३. गाउँपालिकाका महत्वपुर्ण स्थानमा फ्रि वाइफाइ जोन स्थापना गरिनेछ ।
१४. वित्तिय तथा आर्थिक विवरणको मासिक तथा चौमासिक प्रतिवेदन, योजना तथा कार्यक्रमको चौमासिक प्रगति विवरण, प्रगति समिक्षा र आन्तरिक लेखा परिक्षणको चौमासिक तथा वार्षिक प्रतिवेदनहरु कानूनले तोके बमोजिम अनिवार्य रुपमा प्रकाशित गरिने व्यवस्था मिलाईनेछ ।
१५. अनुगमन समितिहरु सक्रिय बनाई वजार अनुगमन, योजना तथा कार्यक्रम अनुगमनलाई तिव्रता दिइनेछ ।

१६. गाउँपालिका भित्र संचालनमा रहेका स्थनीय संचार माध्यम तथा संचारकर्मीको संरक्षणमा जोड दिइनेछ ।

१७. गाउँपालिकाको लगानीमा निर्माण हुने वृत्तचित्र, भिडियो प्रकाशन, लेखनमा गाउँपालिकाको स्वमित्व तथा प्रतिलीपी अधिकार रहने व्यवस्था मिलाईनेछ । भने लेखक तथा निर्माणकर्तालाई रोयलटी उपलब्ध गराईनेछ ।

१८. गाउँपालिका भित्रका वडाहरु ५, ७ र १ मा नेपाल टेलिकमको टावर निर्माणमा जोड दिइनेछ ।

१९. पालिका मोवाइल एपको विकासवाट सेवा प्रदानलाई छिटो, छरितो र प्रविधिमैत्री बनाईनेछ ।

## ङ. आर्थिक विकास सम्बन्धि

### अ. राजस्व परिचालन

१. गाउँपालिकालाई समृद्ध बनाउन कर तथा राजस्वको दर भन्दा दायरालाई फराकिलो बनाउने नीति लिएको छ ।

२. सामुदायिक वन उपभोक्त समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धि वार्षिक कार्ययोजना बनाई गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

३. वन पैदावार विक्रीबाट प्राप्त रकम संघिय ऐन अनुसार हुने गरि स्थानीय सरकार संचालन ऐनको दफा ६२ ‘ख’ बमोजिम १० प्रतिशत रकम गाउँपालिकाको सञ्चितकोषमा जम्मा गर्नुपर्नेछ ।

४. सम्पती कर मालपोत तथा भूमीकर पुष मसान्त सम्म एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिने व्यवस्था मिलाईको छ ।

५. गाउँपालिकाबाट वार्षिक लाग्ने आय ठेक्कामा तोकिएको रकम एकुमष्ठ बुझाएमा १० प्रतिशत छुट दिने व्यवस्था दिएको छ ।

६. बढी कर बुझाउने सेवा ग्रहीलाई सम्मान गरिनेछ ।

७. वैज्ञानिक तथा प्रगतिशील कर प्रणाली स्थापित गरिनेछ ।

८. केचना छोटी भन्सार स्थापनाको लागि, जग्गा अधिग्रहणको लागि संघिय सरकारसंग आवश्यक प्रक्रिया पुरा गरिनेछ ।

९. केचना पोखरी, बडोकेचना झिल, घेरावारी पोखरी, कचनकवल पोखरी र खोलाहरुलाई वार्षिक आम्दानीको स्रोतको रुपमा विकास गरिनेछ ।

१०. कचनकवलको समग्र जग्गाको स्थानीय खरिद विक्रीको आधारमा जग्गाको न्यूनतम मूल्य निर्धारण गरिनेछ ।

११. राजस्वको चुहावट नियन्त्रण गर्न प्रभावकारी अनुगमन गरिनेछ ।

### आ. कृषि तथा पशु पालन

१. कृषि  तथा पशुपंछी क्षेत्रमा आउन सक्ने जोखिमलाई न्युनिकरण गर्न कृषि तथा पशुपंछी विमा कार्यक्रम संचालन गरिनेछ ।

२. उत्पादन लागत कम गर्नलाई कृषिको यान्त्रिकरण, साना सिचाँइ कार्यक्रम, गर्हा सुधार कार्यक्रम, प्रविधिको प्रयोग दक्ष कृषि जनशक्तिको व्यवस्थापन, वडागत कृषि तथ पशु सेवा केन्द्र विस्तार, नस्ल सुधार कार्यक्रम, दुध संकलन केन्द्रको स्थापना, नग्देवाली प्रोत्साहन कार्यक्रम, कृषक समूह, कृषि सहकारी, निजी उद्यमी प्रोत्साहन कार्यक्रम संचालन गर्ने साथै कृषिका उत्पादनहरुको भण्डारणको लागि उत्पादन क्षेत्रमा साना टहरा तथा चटाल निर्माण गरिने व्यवस्था मिलाईनेछ ।
३. कृषिको १० वर्षे रणनीति तयार गर्न विज्ञहरुको सहभागितामा गाउँपलिका कृषि सम्मेलनको आयोजना गरिनेछ ।
४. कृषकहरुको क्षमता अभिवृद्धि गर्नका लागि अगुवा कृषकहरुको अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।
५. कृषि प्रविधि प्रसारका क्रियाकलापहरु संचालन गरिनेछ साथै कृषि प्रसार सूचना प्रविधि आम संचार माध्यमको उपयोग गरिनेछ ।
६. भूमिगत सिचाँइ अन्तर्गत स्यालो ट्युवेल तथा डिप वोर्डिङ्ग जडान कार्यलाई प्राथमिकता साथ अगाडी बढाइनेछ ।
७. गा.पा.मा संघ र प्रदेश सरकारको सहयोगमा कृषि अनुसन्धान केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
८. बनियानी र पथरिया वजारलाई कृषि वजारको रुपमा अगाडी बढाइनेछ ।
९. च्याउ उत्पादन, बंगुर पालन, कुखुरा पालन, बाखा पालन, पडापाडी पालन, गाई पालन कार्यक्रम संचालन गरि कृषकलाई अनुदान दिने व्यवस्था गरिनेछ । साथै भैसी संरक्षण कार्यक्रम संचलान गरिनेछ ।
१०. रैथाने वाली संरक्षण कार्यक्रम संचालन गर्दै प्रोत्साहन गरिनेछ ।
११. कृषकलाई कृषि सूचना प्रविधिको पहुँच अभिवृद्धि गर्न कृषक सूचना केन्द्र स्थापना गरिनेछ । जंगली हात्तीबाट कृषकको वाली तथा घर क्षती भएमा तत्काल रु १०,०००/- सहयोग उपलब्ध गराइने छ ।
१२. खाने तेल, तरकारी, दुध तथा मासु जन्य उत्पादन र खाद्यन्नमा गाउँपालिकालाई आत्मनिर्भर बनाईनेछ । र उक्त वस्तुहरुको विक्री प्रर्वद्धन गर्न साझेदार निकायहरुसंग समन्वय गरि व्यवस्था मिलाइनेछ ।
१३. भूमिको उर्वराशक्ति बढाउनका लागि केशेवाली खेतीलाई प्रोतसाहन गर्दै प्रांगारिक मलको प्रयोगमा जोड दिनेछ । कृषि चुनाको प्रयोगमा प्रोत्साहन गरिनेछ ।
१४. सनपाट खेती, मुम दाल, फापर, कोदो, आलस खेतीलाई पवर्द्धन गरिनेछ ।
१५. वृहत उत्पादन हुने धान, मकै उत्पादन कार्यक्रममा आम कृषकलाई विउ प्रविधि रोग किरा नियन्त्रणमा स्थलगत प्राविधिक सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।
१६. उत्पादित वस्तुको वजारीकरण गर्नका लागि ढुवानी साधनमा युवा कृषकलाई सहयोग गर्ने कार्यक्रम लागु गरिनेछ । उत्कृष्ट अगुवा कृषकलाई पहिचान गरि पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ । कृषि पेशालाई निर्वाहमुखि नभई व्यवसायिक एवं प्रतिस्पर्धी कृषि प्रणालीमा रुपान्तरण गरि दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने नीति अवलम्बन गरिनेछ ।

१७. रेविज रोग विरुद्धको अभियान संचालनको लागि वर्षको २ पटक रेविज सिविर संचालन गरिनेछ । भने छाडा चौपायाहरुलाई बन्ध्याकरण सेवा समेत संचालन गरिनेछ ।
१८. खेत बाँझौं नराख्ने कार्यमा कृषकहरुलाई प्रोत्साहित गरिनेछ । यस क्रममा कृषक व्यक्ति तथा समूलाई खेत बाँझो नराख्ने सर्तमा भूमिगत सिचाँइको लागि आवश्यक सहयोग प्रदान गरिनेछ ।
१९. व्यवसायिक पशुपालन गर्ने कृषकलाई उत्पादनको आधारमा उत्पादन प्रोत्साहन अनुदान उपलब्ध गराउन कार्यविधि बनाई अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
२०. कृषि प्रचार, प्रसार तथा विषादी न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ ।
२१. कृषि यन्त्रहरुको मर्मत सम्भार गर्ने तालिमको व्यवस्था मिलाईनेछ ।

## ई. उद्योग, वाणिज्य, सहकारी तथा वित्तिय क्षेत्र सम्बन्धि नीति

१. विपन्न तथा गरिब नागरिकलाई औधोगिकरणको माध्यमबाट आर्थिक अवस्थामा सुधार ल्याउन सर्वपक्षीय सहमतिको आधारमा कृषि औधोगिक क्षेत्र स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।
२. गा.पा. भित्रका सम्पुर्ण प्रकारका सहकारीहरुको लगतलाई व्यवस्थित बनाउदै विकास साझेदार निकायको रुपमा स्थापित गर्दै लगिनेछ । सहकारीहरु संगको सहकार्यमा स्थानीय उत्पादनहरुको भण्डारण, प्रशोधन र वजारीकरणको लागि सहकार्यको नीति अवलम्बन गरिनेछ ।
३. कृषि सहकारी मार्फत कृषि उत्पादनमा विशेष कार्यक्रम संचालन गरिनेछ ।
४. गणस्तरीय खाद्य पदार्थको सुनिश्चितताको लागि वजार अनुगमनलाई तिव्रता दिई प्रभावकारी बनाइनेछ साथै गा.पा.मा उद्योग वाणिज्य संघ स्थापना गर्न सरोकारवालासंग छलफल समन्वय गरिनेछ । वजार अनुगमन गरि मुल्य सूचि अनिवार्य रुपमा प्रत्येक पसलमा राख्नु पर्ने व्यवस्था प्रभावकारी ढङ्गले कार्यन्वयनमा जोड दिनेछ ।
५. गाउँपकालिकाको सर्वसुलभ वित्तिय पहुँच स्थापना गर्न प्रत्येक वडा सम्म वित्तिय संस्थाहरुलाई आवश्यक सहजिकरण गरिनेछ ।
६. धान, मकै तथा कृषि जन्य उद्योग स्थापना गर्न उद्योगीलाई प्रोत्साहित गरिनेछ । र उद्योग सम्म वाटो, विद्युत र पानीको व्यवस्था स्थानीय सरकारवाट व्यवस्थापन गरिनेछ । निश्चित समयसम्म गा.पा.मा संचालन हुने कृषि उद्योगहरुको कर छुटको प्रवन्ध मिलाईनेछ ।

आदरणिय गाउँ सभाका सदस्य ज्यूहरु,

आ.व. २०७९/०८० को लागि विषयगत तथा क्षेत्रगत रुपमा प्रस्तुत गरिएका नीति तथा कार्यक्रम दिगो विकास लक्ष्यको मार्ग निर्देशन कचनकवलको भौगोलिक यथार्तमा आधारित विकासका सूचकहरुको आधारमा नीति कार्यक्रमहरु तय गरिएको छ । उल्लेखित नीति तथा कार्यक्रमहरु

प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दायित्व तपाईं हाम्रो काँधमा रहेको छ । गा.पा.ले आत्मसाथ गरेको नारालाई सार्थक प्रदान गरिने नीति लिइनेछ । यस गाउँपालिकाको आर्थिक, सामाजिक, सास्कृतिक, शिक्षा, स्वास्थ्य, कृषि, पर्यावरण क्षेत्रमा देश तथा विदेशमा रहनु भएका नागरिकले गर्नु भएको सहयोग प्रति कृतज्ञता व्यवक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गरेको छु, कचनकवलको विकासमा यहाँका राजनीतिक दल विभिन्न संघ संस्था तथा संचारकर्मीहरुबाट प्राप्त भएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै थप आर्थिक सहयोग उपलब्ध हुने अपेक्षा गर्दछु । अन्तमा प्रस्तुत नीति तथा कार्यक्रमलाई पर्याप्त छलफल गरि पास गरिदिनु हुन हार्दिक अनुरोध गर्दै विदा लिन चाहान्छु ।

मिति : २०७९/०३/१० गते

**नीति तथा कार्यक्र पेश गर्ने**
**अध्यक्ष**
**कालेन्द्र प्रसाद सिंह राजवंशी**
**कचनकवल गाउँपालिका**